# भद्रपुर नगरपालिकाको प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित : मिति–२०७७।९।२९

भद्रपुर नगरपालिकाको चालु आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमको सामाजिक विकास तर्फको तपसिलमा उल्लेखित कार्यक्रमहरु गैह्र सरकारी संघसंस्था मार्फत संचालन गर्ने निर्णय भएको हुँदा कार्यक्रम संचालन गर्न इच्छुक संस्थाले प्रस्तावना पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन अर्थात मिति २०७७।१०।१४ गते भित्रमा सम्बन्धित क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुलाई देहाय बमोजिमका कागजातहरु सहित प्रस्तावना पेश गर्न हुन जानकारी गराईन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस नगरपालिकाको सामाजिक विकास शाखामा सम्पर्क राख्नु हुन वा website: www.bhadrapurmun.gov.np मा हेर्नुहुन समेत जानकारी गराइन्छ ।

तपसिल :

| क्र.स | कार्यक्रमको शिर्षक/नाम | बजेट रकम रु. |
|---|---|---|
| **महिला सशक्तिकरण कार्यक्रम** | | |
| १ | महिलाहरुलाई सिपविकास तालिम<br>- सेनेटरी प्याड, डाइपर, न्याले, बनाउने प्याकेज तालिम (१५दिने ४० जना) | ३,००,०००।०० |
| २ | महिला कानूनी अधिकार, लैंगिक हिंसा सम्बन्धि सचेतना कार्यकम (लक्षित वर्ग, महिला र पुरुष समेत समेटी) - २ दिने ४ स्थान | २००,०००।०० |
| ३ | एकल महिलाहरुको आर्थिक सशक्तिकरणका लागि कपडाको झोला बनाउने तालिम - १५ दिने १५ जना | १००,०००।०० |
| **बालबालिका सम्बन्धि कार्यक्रम** | | |
| १ | लागुऔषध दुर्व्यसनी सम्बन्धि सचेतना कार्यक्रम - १ दिने ६ स्थान | १५०,०००।०० |
| **मधेसी वर्ग** | | |
| १ | लैंगिक हिंसा तथा दाईजो प्रथा सम्बन्धि महिला पुरुष समविकास तालिम - २ दिने १ स्थान | ५०,०००।०० |
| **पिछडा तथा मुस्लिम वर्ग** | | |
| १ | महिला पुरुष समविकास तालिम- २ दिने १ स्थान | ५०,०००।०० |
| २ | बालविवाह न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम - १ दिने अभिमूखिकरण २ स्थान | ५०,०००।०० |
| **लोकसेवा पूर्व तयारी कक्षा संचालन - महिला, आदिवासी/ जनजाती, दलित, मधेशी र पिछडा तथा मुस्लिम वर्ग समेटी** | | |
| १ | लोकसेवा पुर्व तयारी कक्षा (ना.सु तथा सहायक पाँचौ तह) - ३० दिने ५० जना | २,००,०००।०० |
| **अन्य कार्यक्रमहरू** | | |
| १ | पूर्ण सरसफाई तथा महामारी सम्बन्धि सचेतनामूलक कार्यक्रम - १ दिने ६ स्थान | २,००,०००।०० |
| २ | मानव बेचविखन विरुद्धको सचेतना कार्यक्रम - १ दिने ३ स्थान | १,००,०००।०० |

## प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरु :

१. संस्थाको विधान, संस्था दर्ता र नवीकरण भएको प्रमाण पत्र,
२. आन्तरिक राजस्व कार्यालयमा VAT मा दर्ता भई कर चुक्ता गरेको,
३. कार्यक्रम संचालनका लागि न्यूनतम १० प्रतिशत अनिवार्य लागत सहभागिता गर्नुपर्ने र सो भन्दा बढी लागत सहभागिता गर्नेलाई प्राथमिकता दिईनेछ ।
४. नगरपालिकामा सुचिकृत भई नगर क्षेत्रमा कार्यालय स्थापना गरि क्रियाशिल भई कार्य गरेको संस्थालाई प्राथमिकता दिईनेछ ।
५. सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुवभ भएको प्रमाण पेश गरेको संस्थालाई प्राथमिकता दिईने छ ।
६. संस्थाको विधानमा उल्लेखित उद्देश्यसंग मेल खाएको संस्थालाई प्राथमिकता दिइनेछ ।
७. तालिम संचालन गर्नुपर्ने स्थान तथा अन्य विवरण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

होमनाथ भट्टराई
(प्रमुख प्रशासकिय अधिकृत)